नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल नेपाल

## नं. २५ गण हे.क्वा. चण्डिका पर्वत

## सम्पत्ति तथा जिन्सी मालसामानको लिलाम बिक्रि सम्बन्धी बोलपत्र आब्हानको सुचना ।

सुचना नं. :- ०२ (०८०/०८१)

दोस्रो पटक प्रकाशित मितिः- २०८०।०७।१३ गते ।

यस सशस्त्र प्रहरी बल, नेपाल नं. २५ गण हे.क्वा. चण्डिका पर्वतमा मौज्दातमा रहेका लिलाम बिक्रि गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यामद्धारा लिलाम बिक्रि गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनिहरुले देहायका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

१. इच्छुक बोलपत्रदाताहरुले सशस्त्र प्रहरी बल, नेपाल नं. २५ गण हे.क्वा. चण्डिका पर्वतको फोन नं. ०६७४२०१५८/९८५१२७२०७९ मा सम्पर्क गरी आवश्यक जानकारी हाँसिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सकिने छ ।

२. इच्छुक बोलपत्रदाताहरुले मिति २०८०।०७।१६ गते सम्म कार्यालय समय भित्र फिर्ता नहुने गरी रु १,०००।- (अक्षरुपि एक हजार रुपैया मात्र ।) नेपाल बैंक लिमिटेडमा रहेको नेपाल सरकारको राजश्व खाता नं. ००१०१००००० ०००१००१००१, करदाता सेवा कार्यालय पर्वतको कार्यालय कोर्ड नं. ३०५०४४२०१ तथा राजश्व शिर्षक नं. १४२२९ मा बुझाई सक्कल राजश्व दाखिला भौचरसहित बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र वा ईच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी बोलपत्र फारम खरिदको लागी निबेदन पेश गर्नुपर्ने छ ।

३. बोलपत्र फाराम दोस्रो पटक प्रकाशित भएको मितिले ४औं दिनको कार्यालय समय भित्र यस कार्यालयमा खरिद गरी सक्नुपर्ने छ ।

४. बोलपत्र खरिद दाताले ५औं दिनको ११.०० बजे भित्र यस कार्यालयमा बोलपत्र दर्ता गराईसक्नु पर्ने छ ।

५. प्राप्त बोलपत्र सोहि दिनको १२.०० बजे मुल्याङ्कन समिति र बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ तर बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६. लिलाम बिक्रि हुने सम्पत्ति तथा जिन्सी मालसामानहरु हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राख्नु पर्ने छ ।

७. बोलपत्रदाताले बोलपत्र साथ जमानत बापत आँफुले कबोल गरेको दररेट अनुसार हुन आउने कुल रकमको १० (दश) प्रतिशत रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको नाममा नेपाल बैंक लिमिटेड कुश्मा शाखामा रहेको धरौटी खाता नं. ०६६०१०००००२००३००००० मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा ९० दिन म्याद भएको बैंक जमानत (विड वण्ड) पेश गर्नु पर्ने छ ।

८. बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

९. लिलाम बिक्रि हुने सम्पत्ति तथा जिन्सी मालसामानको न्युनतम् कायम मुल्य रु २४८९१.०६ (अक्षरुपी चौबिस हजार आठ सय एकानब्बे छ पैसा मात्र ।) रहेको छ ।